नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ अङ्क २ कात्तिक २०८१ अक्टोबर-नोभेम्बर २०२४

# 'प्रथम हिमालय शमशेर मेमोरियल लेक्चर' कार्यक्रम सम्पन्न




'प्रथम हिमालय शमशेर मेमोरियल लेक्चर' कार्यक्रम असोज ८ गते काठमाडौंमा सम्पन्न भएको छ। नेपाल राष्ट्र बैंकका संस्थापक गभर्नर स्व. हिमालय शमशेर जबराको स्मृतिमा बैंकले पहिलो पटक उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा प्रमुख वक्ताको रूपमा सम्बोधन गर्दै भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासले 'Central Banking in the 21st Century: Changing Paradigm' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले केन्द्रीय बैंकिङसम्बन्धी स्थापित मान्यतामा विगतदेखि २१औं शताब्दीसम्म भएका परिवर्तन, पछिल्लो पाँच वर्षयता भारतीय अर्थतन्त्रमा भएको सुधारमा रिजर्व बैंकको भूमिकासँगै केन्द्रीय बैंकहरूले भोग्नुपरेका चुनौतीबारे धारणा राख्नुभयो।

उहाँले सन् २००८ को विश्वव्यापी वित्तीय सङ्कट र कोभिडपछिको अर्थतन्त्रको पृष्ठभूमिमा केन्द्रीय बैंकद्वारा लिइएका नीतिगत व्यवस्थाबारे सङ्क्षिप्त चर्चा गर्दै समष्टिगत आर्थिक स्थायित्वका लागि मूल्य स्थायित्वसँगै वित्तीय स्थायित्व पनि प्राथमिकतामा पर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। मूल्य स्थायित्व हासिल गर्ने केन्द्रीय बैंकको प्रमुख उद्देश्यमा प्रतिकूल असर नपर्ने गरी मुलुकको आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्नेतर्फ समेत मौद्रिक नीति केन्द्रित हुनुपर्ने धारणा गभर्नर दासले राख्नुभयो। साथै, मुलुकको समग्र अर्थतन्त्र सुधारका लागि मौद्रिक तथा वित्त नीतिबीच प्रभावकारी समन्वय हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

वित्तीय सङ्कट र अर्थतन्त्रमा देखिएका पछिल्ला चुनौतीको सामना गर्नका लागि केन्द्रीय बैंकहरूसँग परम्परागत मौद्रिक उपकरणसँगै गैर-गैरपरम्परागत उपकरणहरू छनोटको विकल्प रहेको चर्चा उहाँले गर्नुभयो। पछिल्लो समयमा वित्तीय स्थायित्व कायम गर्नका लागि समष्टिगत विवेकशील नियमनका उपायहरू अवलम्बन गर्नेतर्फ केन्द्रीय बैंकहरू अग्रसर देखिन थालेको धारणा गभर्नर दासले व्यक्त गर्नुभयो। साथै, केन्द्रीय बैंक सञ्चारको महत्वबारे उल्लेख गर्दै गभर्नर दासले प्रभावकारी सञ्चार संयन्त्रले मौद्रिक नीतिप्रतिको अपेक्षालाई सम्बोधन गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा उहाँले जलवायु परिवर्तन, भू-राजनीतिक तनाव, सूचना प्रविधिमा आधारित विकास, कृत्रिम बौद्धिकताको प्रयोगलगायतका विषयबाट सिर्जित चुनौतीबारे चर्चा गर्दै सोको सम्बोधनका लागि विभिन्न नीतिगत उपायसँगै नवप्रवर्तनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले स्वागत मन्तव्य राख्दै 'प्रथम हिमालय शमशेर मेमोरियल लेक्चर' कार्यक्रमको अवधारणामाथि प्रकाश पार्नुभयो। पछिल्लो समय सूचना प्रविधि र नवप्रवर्तनको विकाससँगै वित्तीय प्रणालीमा विश्वव्यापी रूपमै परिवर्तन देखिएको सन्दर्भ उल्लेख गर्दै उहाँले समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने कार्यमा केन्द्रीय बैंकको भूमिका थप पेचिलो बन्दै गएको धारणा राख्नुभयो। अन्तर्राष्ट्रिय परिवेशमा देखिएका परिवर्तन र आधुनिकीकरणलाई आत्मसात् गर्दै आगामी दिनमा नेपाल राष्ट्र बैंकको भूमिकालाई समेत थप सबल बनाइने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रथम गभर्नर स्व. जबराले मुलुकको आर्थिक, मौद्रिक, वित्तीय तथा सार्वजनिक व्यवस्थापनका क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप सम्मान अर्पण गरिएको थियो। कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले समापन मन्तव्यको क्रममा सम्बद्ध सबै पक्षलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो।

कार्यक्रममा बैंक सञ्चालक समितिका

पदाधिकारी, नेपालका लागि भारतीय राजदूत, पूर्व गभर्नर, अर्थविद्, राष्ट्र बैंकका कार्यकारी निर्देशक, निर्देशक तथा अन्य कर्मचारी, बैंकर, पत्रकार, भारतीय रिजर्व बैंकका पदाधिकारीलगायतको उपस्थिति थियो । बैंकको ६८औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा गभर्नर अधिकारीले प्रथम गभर्नर स्व. हिमालय शमशेर जबराको स्मृतिमा यस वर्षदेखि 'हिमालय शमशेर मेमोरियल लेक्चर' कार्यक्रम आरम्भ गर्ने घोषणा गर्नुभएको थियो ।

स्व. जबरा २०१३ वैशाख १४ देखि २०१७ माघ २५ गतेसम्म बैंकको गभर्नर रहनुभएको थियो । नेपालमा बैंकिङ प्रणालीको नीतिगत व्यवस्थाको तर्जुमा, पूर्वाधार विकास, विदेशी विनिमय प्रणाली, बैंकिङ क्षेत्रको विस्तार र सार्वजनिक व्यवस्थापनका क्षेत्रमा उहाँको योगदान स्मरणीय छ । स्व. जबरा नेपालको प्रथम अर्थसचिवसमेत हुनुहुन्थ्यो । २०७८ माघ २२ गते ८५ वर्षको उमेरमा उहाँको देहावसान भएको थियो ।



## गभर्नरद्वयबीच भेटवार्ता

यसै सिलसिलामा गभर्नर महाप्रसाद अधिकारी र भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासबीच सोही दिन भेटवार्ता भएको छ । गभर्नरको कार्यालयमा आयोजित भेटवार्तामा नेपाल र भारतबीच भुक्तानी प्रणालीसम्बन्धी अन्तरआबद्धता र हालसम्म भएका प्रगतिसँगै द्विपक्षीय हितका विषयमा







छलफल भएको थियो ।

सो अवसरमा बैंकका तर्फबाट डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, भुक्तानी प्रणाली विभागका का.मु. कार्यकारी निर्देशक विनोदराज आचार्य, विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक निश्चल अधिकारी, गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलगायतको उपस्थिति थियो भने रिजर्व बैंकका तर्फबाट भुक्तानी तथा सन्तुलन विभागका प्रमुख महाप्रबन्धक गुणवीर सिंहलगायतका अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो । ■



## वाणिज्य बैंकका सञ्चालकहरूसँग अन्तरक्रिया

# नि:सर्त र नि:स्वार्थ ढङ्गले काम गर्नुस्: गभर्नर अधिकारी

बैंक सुपरिवेक्षण विभागले असोज २२ गते काठमाडौंमा वाणिज्य बैंकका सञ्चालकहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर अधिकारीले सञ्चालक समितिका पदाधिकारीले नि:सर्त र नि:स्वार्थ भावले आफ्नो जिम्मेवारी बहन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “सञ्चालक समितिका पदाधिकारीले नि:सर्त र नि:स्वार्थ भावले काम गरिदिनुभयो भने मात्र पनि त्यो बैंक सुशासित रहन्छ । त्यस्तो बैंकमा संस्थागत सुशासनको अवस्था पनि सबल रहन्छ ।” बैंकमा कर्जा दुरुपयोग हुने गरेको सन्दर्भ उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसको नियन्त्रणका निम्ति सञ्चालक समितिको भूमिका प्रभावकारी हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।



कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले राष्ट्र बैंकका सुपरिवेक्षकीय निर्देशनको पूर्ण पालनाको निम्ति वाणिज्य बैंकका सञ्चालकहरूको ध्यानाकर्षण गराउनुभयो । बैंकमा उत्पन्न हुने जोखिम व्यवस्थापनको अन्तिम जिम्मेवारी सञ्चालक समितिमा रहने समेत उहाँले स्पष्ट पार्नुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले बैंकको संस्थागत सुशासन प्रवर्द्धनका लागि सञ्चालक समितिले तदारुकता देखाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक रामु पौडेलले 'Financial Performance of 'A' Class Banks: Risk and Way Forward on What BOD Should Care? विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विश्व र नेपालको अर्थतन्त्रको स्थिति, बैंकिङ क्षेत्रका सूचक, वाणिज्य बैंकको कर्जा तथा निक्षेप, खराब कर्जा, तरलताको स्थितिलगायतका विषयवस्तुबारे चर्चा गर्नुभयो । यसै गरी, निर्देशक शुभाषचन्द्र घिमिरेले 'Financial Performance of 'A' Class Banks: Risk and Way Forward on What BOD Should Care ? विषयमा कार्यपत्र प्रस्तुत गर्दै सञ्चालक समितिको संरचना र जिम्मेवारीसम्बन्धी कानुनी र नीतिगत व्यवस्था, जोखिम व्यवस्थापनसम्बन्धी व्यवस्थाका विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा वाणिज्य बैंक सञ्चालक समितिका अध्यक्षसँगै जोखिम, मानव संसाधन र लेखापरीक्षण समितिका संयोजकहरूको सहभागिता थियो । सो अवसरमा सहभागीहरूबीच कार्यपत्रमा उठेका विषय र अन्य समसामयिक विषयमा छलफल भएको थियो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेल र बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा निर्देशक रामप्रसाद गौतमले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक रोजी थापा मगरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# उपभोक्ता मूल्य सूचकाङ्क र शोधनान्तर तथ्याङ्क नयाँ ढाँचामा




आर्थिक अनुसन्धान विभागले उपभोक्ता मूल्य सूचकाङ्कको आधार वर्ष परिवर्तन गरेको छ। साविकको आधार वर्ष २०७१/७२ लाई परिवर्तन गर्दै नयाँ आधार वर्ष २०८०/८१ कायम गरिएको हो।

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७९/८० मा सञ्चालन गरेको 'नेपाल जीवनस्तर सर्वेक्षण (चौथो)'को नतिजामा आधारित रहेर उक्त सूचकाङ्कको निम्ति आवश्यक भाराङ्क तय गरिएको जनाइएको छ।

नयाँ उपभोक्ता मूल्य सूचकाङ्कमा खाद्य तथा पेय पदार्थ समूहको भार ३५.४९ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको भार ६४.५१ प्रतिशत कायम गरिएको छ। विगतमा मदिराजन्य पेय पदार्थ, सुर्तीजन्य पदार्थ र रेष्टुरेण्ट तथा होटेलको खाना उप-समूहलाई खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत राख्ने गरिएकोमा पछिल्लो संरचनामा ती उप-समूहहरूलाई गैर-खाद्य तथा सेवा समूहअन्तर्गत राखिएको छ।

मूल्य सूचकाङ्क गणनाका लागि भारित वस्तु डालोमा ५२५ वस्तु तथा सेवाको मूल्य सङ्कलन गरिएको छ। नयाँ मूल्य सूचकाङ्क प्रदेशगत रूपमा समेत प्रकाशन गरिने विभागले जनाएको छ। मूल्य सङ्कलनका लागि ७७ वटै जिल्ला समावेश हुनेगरी तराई क्षेत्रबाट २८, पहाडी क्षेत्रबाट ४३ र हिमाली क्षेत्रबाट १६ गरी जम्मा ८७ वटा बजार केन्द्र छनोटमा परेका छन्। तीमध्ये २१ वटा ग्रामीण र ६६ वटा सहरी बजार केन्द्रहरू रहेका छन्।

यसै गरी, आर्थिक अनुसन्धान विभागले अन्तर्राष्ट्रिय मुद्रा कोषको BPM6 मा आधारित International Transaction Reporting System Guidelines, 2022 अनुसार शोधनान्तर तथ्याङ्कको प्रकाशन सुरु गरेको छ। आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनाबाट नयाँ मापदण्डका आधारमा शोधनान्तर तथ्याङ्को प्रकाशन थालिएको हो। विगतमा BPM5 अनुरूपको तालिकामा एकै शीर्षकमा समेटिएका कतिपय शीर्षकलाई BPM6 अनुरूपको तालिकामा विभिन्न शीर्षकमा विभाजन गरिएको र केहीलाई थप वर्गीकरण गरिएको जानकारी विभागले दिएको छ।

उपभोक्ता मूल्य सूचकाङ्क र शोधनान्तर तथ्याङ्कसम्बन्धी नयाँ ढाँचाबारे जानकारी दिन असोज ९ गते थापाथलीस्थित कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरिएको थियो। कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले बैंकको प्रमुख जिम्मेवारीमध्ये मूल्य स्थायित्व प्रमुख रहेको उल्लेख गर्दै उपभोगको प्रवृत्तिमा आएका परिवर्तन र धेरै बजार केन्द्रलाई नयाँ सूचकाङ्कले समेट्न खोजेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "मूल्य सूचकाङ्कको नयाँ विधि पहिलेको भन्दा बढी वास्तविक र विश्वसनीय हुने अपेक्षा हामीले गरेका छौँ।" साथै, शोधनान्तर तथ्याङ्क सङ्कलनको ढाँचालाई थप विस्तृत बनाइएको जानकारी उहाँले दिनुभयो।

पत्रकार सम्मेलनमा आर्थिक अनुसन्धान विभागका का.मु. निर्देशक डा. वीरेन्द्रबहादुर बुढा र उप-निर्देशक सुमन नेउपानेले क्रमश: शोधनान्तर तथ्याङ्क र उपभोक्ता मूल्य सूचकाङ्कको परिमार्जित संरचनाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रउपर उपस्थित सञ्चारकर्मीका तर्फबाट विभिन्न जिज्ञासा राखिएको थियो। डेपुटी गभर्नर बमबहादुर मिश्रले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा बैंकका प्रवक्ता एवम् बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेल, राष्ट्रिय तथ्याङ्क कार्यालयका उप-प्रमुख तथ्याङ्क अधिकारी डा. हेमराज रेग्मी, आर्थिक अनुसन्धान विभागका निर्देशक र अन्य कर्मचारीको उपस्थिति थियो।

सो अवसरमा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले स्वागत मन्तव्य राख्दै पत्रकार सम्मेलनको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक मेरिना श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसअघि सोही दिन बिहान विभागद्वारा परिमार्जित ढाँचा लागु गर्ने सम्बन्धमा विज्ञ समूह, आर्थिक अनुसन्धान विभागका पूर्व कार्यकारी निर्देशकहरू, विश्वविद्यालयका प्राध्यापक र सरोकारवालासँग छलफल गरिएको थियो। कार्यक्रममा पूर्व कार्यकारी निर्देशकहरू मुकुन्दप्रसाद शर्मा, त्रिलोचन पंगेनी, नरबहादुर थापालगायतका सहभागीहरूले सोको औचित्य, विश्वसनीयता, सान्दर्भिकताबारे सुझाव प्रस्तुत गर्नुभएको थियो। ■

# थापाथलीस्थित पुनर्निर्मित भवन बैंकलाई हस्तान्तरण




सहरी विकास तथा भवन निर्माण विभागले नेपाल राष्ट्र बैंकको थापाथलीस्थित पुनर्निर्मित कार्यालय भवन बैंकलाई हस्तान्तरण गरेको छ ।

गभर्नर महाप्रसाद अधिकारी र सहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालको उपस्थितिमा असोज ५ गते आयोजित एक समारोहमा विभागले भवनसहितको संरचना बैंकलाई हस्तान्तरण गरेको हो । विभागअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (भवन तथा आवास)का निर्देशक कोषनाथ अधिकारीले सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका निर्देशक रोशनकुमार सिग्देललाई भवनसहितको संरचना हस्तान्तरण गर्नुभयो । सोही अवसरमा निर्देशक अधिकारीले बैंकिङ विभागका कार्यकारी निर्देशक विश्रुत थापा र मुद्रा व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक रमेश आचार्यलाई नवनिर्मित भवनमा रहेका ढुकुटीको साँचो हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा गभर्नर अधिकारीले बैंकले आधुनिक र सुविधासम्पन्न भवन प्राप्त गरेको उल्लेख गर्दै यसको निर्माणमा संलग्न सहरी विकास विभाग, निर्माण व्यवसायी, परामर्शदाता र बैंकका सम्बद्ध कर्मचारीलाई धन्यवाद दिनुभयो । सो अवसरमा मन्त्रालयका सचिव गेलाल र आयोजना निर्देशक अधिकारीले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा भवन निर्माण कार्यमा प्रारम्भदेखि नै संलग्न सहरी विकास तथा भवन निर्माण विभागका अधिकारी, निर्माण व्यवसायी तथा परामर्शदाता कम्पनीका प्रतिनिधि, बैंकमा कार्यरत इन्जिनियरलगायतलाई प्रशंसापत्र प्रदान गरिएको थियो । सो अवसरमा सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक चन्द्रमणि निरौलाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

२०७२ सालको महाभूकम्पका कारण बैंकको केन्द्रीय कार्यालय भवन क्षतिग्रस्त भएपछि यसको पुनर्निर्माणका निम्ति बैंक र सहरी विकास मन्त्रालयबीच २०७३ असार २८ गते समझदारीपत्रमा हस्ताक्षर भएको थियो । उक्त भवन तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना इकाइबाट निर्माण गर्ने निर्णय २०७४ चैत २० मा भएको थियो । जसअनुसार २०७५ भदौ १० गते प्राधिकरण र बिलिल-कन्टेक जेभीबीच भवन निर्माणसम्बन्धी सम्झौता भएको थियो । दुई अर्ब २६ करोड ५५ लाख २ हजार ६१६ रुपैयाँ ३१ पैसाको लागतमा उक्त भवन निर्माण भएको जनाइएको छ । ■



# सार्वजनिक खरिदसम्बन्धी अन्तरक्रिया

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले असोज ११ गते काठमाडौंमा सार्वजनिक खरिद प्रणालीका कानुनी र नीतिगत व्यवस्थाका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, सार्वजनिक खरिद प्रणाली सञ्चालन निर्देशिका तथा विद्युतीय खरिद सञ्चालन निर्देशिकामा रहेका प्रावधान र प्रक्रियामा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा आयोजित कार्यक्रममा बजेट केन्द्र रहेका विभाग/महाशाखाका निर्देशक, प्रदेशस्थित कार्यालयका प्रमुख र आयोजक विभागका कर्मचारीहरूको सहभागिता थियो ।

सो अवसरमा गभर्नर अधिकारीले सार्वजनिक खरिदको गाम्भीर्य र महत्त्वमाथि चर्चा गर्दै नोट तथा सिक्का निष्कासन, भवन निर्माण, परामर्शलगायतका वस्तु तथा सेवा खरिदसम्बन्धी कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न यस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन हुनुपर्ने धारणा राख्नुभयो । यस प्रकारका कार्यक्रमबाट सार्वजनिक खरिदका कानुनी, नीतिगत, प्राविधिक र व्यावहारिक पक्षबारे विज्ञबाट जानकारी हासिल गर्न तथा सम्भावित खोजिम न्यूनीकरण र संस्थागत सुशासन अभिवृद्धिमा सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।




कार्यक्रममा सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव रामकृष्ण सुवेदीले सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावलीका व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै सार्वजनिक निकायबाट हुने खरिद प्रक्रिया पारदर्शी र उत्तरदायी हुनुपर्ने धारणा राख्नुभयो । सार्वजनिक खरिद पुनरावलोकन समितिका सदस्य डा. वासुदेव शर्माले सार्वजनिक खरिद पुनरावलोकनसम्बन्धी व्यवस्थाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सार्वजनिक खरिद अनुगमन कार्यालयका सह-सचिवद्वय विष्णुप्रसाद शर्मा र रामचन्द्र दंगालले क्रमशः सेवा खरिद, परामर्श सेवा खरिदका वर्तमान व्यवस्था र निर्माण, वस्तु तथा बोलपत्र/प्रस्ताव कागजातको तयारी तथा योग्यता निर्धारण र बोलपत्र/प्रस्तावको मूल्याङ्कन विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, सार्वजनिक खरिद अनुगमन कार्यालयका निर्देशक इन्द्रप्रसाद मैनालीले विद्युतीय खरिद सञ्चालन निर्देशिकामा रहेका वर्तमान व्यवस्था विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच सार्वजनिक खरिदमा रहेका कानुनी तथा व्यावहारिक समस्या र सोको समाधानका विषयमा छलफल भएको थियो । डेपुटी गभर्नर बमबहादुर मिश्रले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने निर्देशक राजनविक्रम थापाले समापन मन्तव्य राख्नुभएको थियो । सहायक निर्देशक सञ्जीव बखेलले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# 'IFRS 9- Expected Credit Loss (ECL) Model' विषयक तालिम सम्पन्न

बैंक सुपरिवेक्षण विभागले असोज ७ देखि ११ गतेसम्म 'IFRS 9: Expected Credit Loss (ECL) Model' विषयक तालिम कार्यक्रम सञ्चालन गर्‍यो ।

बैंकका कर्मचारीको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहयोगमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले उद्घाटन मन्तव्य राख्नुभयो भने कार्यकारी निर्देशक रामु पौडेलले तालिमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो । उद्घाटन सत्रमा बैंकका नियमन र सुपरिवेक्षण विभागहरूका उच्च अधिकारीको समेत उपस्थिति थियो ।

बैंकअन्तर्गत विभिन्न विभागका ४१ जना कर्मचारीको सहभागिता रहेको उक्त तालिममा आइएमएफ सार्कट्याकका नितिन जैन र पीआर रवि मोहनले प्रशिक्षण दिनुभएको थियो । सो अवसरमा सहभागीलाई IFRS 9 को अवधारणा, वित्तीय साधनको वर्गीकरण र मापन, कर्जा नोक्सानीको गणना विधि र यसका विविध आयामबारे प्रशिक्षण दिइएको थियो । तालिमका क्रममा IFRS 9 ECL Model को कार्यान्वयनमा सम्बद्ध नेपाल बैंकर्स एसोसिएसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालगायतका सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा छलफल सत्रसमेत आयोजना गरिएको थियो । समापन कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रले मन्तव्य राख्नुभयो भने विभागका सहायक निर्देशक रोजी थापा मगरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■



# 'एकीकृत निर्देशन, २०८०' मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८०' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले असोज १५ र २२ गते परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । संशोधनअनुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्थाअन्तर्गत सूचक संस्थाले प्रचलित कानुनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसुर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तनसमेतको आधारमा वर्षमा कम्तीमा एक पटक जोखिममा आधारित नीति, कार्यविधि तथा कार्ययोजनामा आवश्यक संशोधन गरी सुपरिवेक्षकीय सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ । साथै, सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलाप तथा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका सम्बन्धमा वर्षभरि गरेका काम कारवाहीको समीक्षासहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले कर्मचारी दायित्वको बीमाङ्कीय मूल्याङ्कन गराउँदा नेपाल वित्तीय प्रतिवेदनमान (एनएफआरएस)को प्रावधानअनुरूप विगतको तथ्याङ्कमा आधारित रही यथार्थपरक अनुमानहरू लिई मूल्याङ्कन गराउनुपर्नेछ । साथै, आन्तरिक लेखापरीक्षणबाट त्यस्तो तथ्याङ्क तथा अनुमानहरू प्रमाणित गरेपश्चात् मात्र बीमाङ्कीय मूल्याङ्कन गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ ।

चुक्ता पुँजीको ०.५ प्रतिशतभन्दा बढी सेयर लिएका संस्थापक समूहका सेयरधनी वा चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी सेयर लिएका सेयरधनी तथा निजका परिवारका सदस्य र कर्मचारीलाई कर्जा तथा गैरकोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ । साथै, चुक्ता पुँजीको ०.५ प्रतिशतभन्दा बढी सेयर लिएका संस्थापक समूहका सेयरधनी, चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा त्यस्ता व्यक्तिका वित्तीय स्वार्थ भएका फर्म, कम्पनी, संस्था वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई समेत यस्तो सुविधा उपलब्ध हुने छैन ।

इजाजतपत्रप्राप्त संस्थाको चुक्ता पुँजीको ०.५ प्रतिशतभन्दा बढी सेयर लिएका संस्थापक समूहका सेयरधनी, एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका सेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख र निजको परिवारका सदस्यको स्वामित्वमा रहेको सम्पत्तिको धितोमा सोही संस्थाबाट धितो राखी कर्जा प्रवाह गर्न नपाइने व्यवस्था गरिएको छ । पछिल्लो संशोधनमार्फत चुक्ता पुँजीको ०.५ प्रतिशतभन्दा बढी सेयर धारण गरेका सेयरधनीको विवरण इजाजतपत्रप्राप्त संस्थाले अर्धवार्षिक रूपमा सम्बन्धित सुपरिवेक्षण विभागसमक्ष पेस गर्न निर्देशन दिइएको छ ।

बैंक तथा वित्तीय संस्थाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग भएको सूचना उपलब्ध गराउन तथा सो ऐनमा भएका अन्य व्यवस्था कार्यान्वयनका लागि सूचना अधिकारी तोक्नुपर्ने र कानुनबमोजिम माग गरिएको सूचनाको अभिलेख राख्नुपर्ने व्यवस्था थप गरिएको छ । उक्त ऐनको दफा ५(३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ । माग गरिएको सूचना उपलब्ध गराउन र ऐनमा भएका अन्य व्यवस्था कार्यान्वयनका लागि प्रदेश कार्यालय र शाखा कार्यालयमा समेत सूचना अधिकारी तोक्न समेत राष्ट्र बैंकले निर्देशन दिएको छ । साथै, प्रत्येक तीन महिनामा सूचनाको अद्यावधिक विवरण तयार गरी प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ । ■

# 'एकीकृत परिपत्र-२०८०' मा संशोधन

विदेशी विनिमय व्यवस्थापन व्यवस्थापन विभागले विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको 'एकीकृत परिपत्र-२०८०' मा संशोधन तथा परिमार्जन गरेको छ ।

विभागले असोज ३० गते संशोधित परिपत्र जारी गर्दै इजाजतपत्रप्राप्त निकायलाई संशोधित व्यवस्थाको कार्यान्वयन गर्न गराउन निर्देशनसमेत दिएको छ । संशोधित व्यवस्थाअनुसार विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउने र आवश्यक औषधि तथा उपचारजन्य उपकरण खरिद गर्ने प्रयोजनका लागि नेपाली नागरिकलाई तोकिएको प्रक्रिया पूरा गरी बैंक तथा वित्तीय संस्थाले वार्षिक अमेरिकी डलर १५ हजारसम्म सटही सुविधा प्रदान गर्नसक्ने व्यवस्था मिलाइएको छ । यसअघि यस्तो सुविधाको सीमा १० हजार डलरसम्म थियो । यसै गरी, हवाईजहाज, दूरसञ्चार र मेडिकल इक्विपमेण्टका पार्टपूर्जा तत्कालै विदेशबाट मगाउनुपरेको अवस्थामा र बिक्रेताले उधारोमा दिएमा त्यस्ता सामानहरू अन्तर्राष्ट्रिय विमानस्थल नाकाबाट आयात गर्न सकिने रकमको सीमा अमेरिकी डलर १० हजारबाट बढाएर एक लाख कायम गरिएको छ ।

परिवर्त्य विदेशी मुद्राको स्रोत भएका संस्थाबाट परिवर्त्य विदेशी मुद्रामा पारिश्रमिक प्राप्त गर्नेगरी नेपालमा कार्यरत भारतीय नागरिकलाई त्यस्तो खाताको मौज्दातले खामेसम्म तोकिएको सीमा र कागजातको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा समेत पारिश्रमिकको रिप्याट्रियशन सुविधा प्रदान गर्न सकिने व्यवस्था थप गरिएको छ । इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपाल सरकारको अनुमति लिई खुलेका नेपालस्थित शिक्षण संस्थालाई सम्बन्धन, परीक्षालगायतका शुल्क भुक्तानीका लागि तोकिएको कागजात लिई अमेरिकी डलर २५ हजार वा सोबराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको सटही सुविधा उपलब्ध गराउन सक्नेछन् । यसअघि उक्त सीमा अधिकतम अमेरिकी डलर १२ हजारसम्म थियो ।

संशोधित परिपत्रअनुसार बस/मिनिबसको बडी निर्माणको लागि तोकिएका कागजातका आधारमा भारतीय फर्म, कम्पनी वा संस्थाले भुक्तानी पाउनेगरी नेपाली नागरिकलाई समेत प्रतिसवारी भा.रु.१५ लाखसम्मको सटही सुविधा बैंक तथा वित्तीय संस्थाबाटै प्रदान गर्न सकिनेछ ।

नेपालमा कार्यरत रही परिवर्त्य विदेशी मुद्रामा पारिश्रमिक प्राप्त गर्ने भारतीय नागरिकको हकमा सो प्रमाणित हुने कागजातको आधारमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न तथा सञ्चालन गर्न सकिने व्यवस्था गरिएको विदेशी विनिमय व्यवस्थापन विभागले जनाएको छ । होटेलहरूले प्रतिग्राहक अधिकतम अमेरिकी डलर ३०० वा सो बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा एक बसाई अवधिमा एक पटकको लागि मात्र सटही प्रदान गर्न सक्ने व्यवस्था रहेकोमा उक्त सीमालाई बढाएर एक हजार डलर पुर्‍याइएको छ ।

यसै गरी, नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ बमोजिम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले बाहेक अन्यले सब-एजेण्ट/सब-रिप्रिजेन्टेटिभ नियुक्त गर्न नसक्ने व्यवस्था थप गरिएको छ । यसको निम्ति इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले सब-एजेण्ट/सब-रिप्रिजेन्टेटिभ नियुक्त गर्दा पालना गर्नुपर्ने विभिन्न व्यवस्था मिलाइएको छ । ■

## Major Financial Indicators

as on Bhadau End, 2081 (Mid-Sept, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 101.64 | 10.48 | 2.32 | 114.44 |
| 2 | Total Credit/GDP | 81.08 | 8.83 | 1.78 | 91.69 |
| 3 | Total Credit/ Total Deposit** | 79.77 | 84.26 | 76.71 | 80.12 |
| 4 | CD Ratio* | 78.40 | 83.45 | 75.80 | 78.80 |
| 5 | Fixed Deposit/Total Deposit | 55.75 | 59.02 | 70.48 | 56.35 |
| 6 | Saving Deposit/Total Deposit | 30.90 | 31.83 | 20.29 | 30.77 |
| 7 | Current Deposit/Total Deposit | 5.70 | 1.70 | 1.17 | 5.24 |
| 8 | Call Deposit/Total Deposit | 6.90 | 7.41 | 7.26 | 6.95 |
| 9 | NPL/ Total Loan^ | 3.76 | 3.62 | 9.87 | 3.86 |
| 10 | Total LLP /Total Loan | 4.32 | 3.87 | 9.20 | 4.37 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 6.03 | 7.74 | 7.27 | 6.22 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.87 | 6.38 | 7.87 | 7.73 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 18.34 | 15.97 | 15.42 | 18.06 |
| 3 | Total Liquid Assets/Total Deposit | 27.14 | 24.78 | 30.79 | 27.00 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.90 | 10.51 | 12.29 | 9.99 |
| 2 | Total Capital/RWA | 12.81 | 13.34 | 14.12 | 12.88 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,063 | 1,136 | 288 | 6,487 |
| 3 | No. of Deposit Accounts | 48,608,181 | 7,195,765 | 922,682 | 56,726,628 |
| 4 | No.of Loan Accounts | 1,583,669 | 282,006 | 43,524 | 1,909,199 |
| 5 | No. of Branchless Banking Centers | 1,092 | 17 | - | 1,109 |
| 6 | No. of Branchless Banking Customers | 299,566 | 1,677 | - | 301,243 |
| 7 | No. of Mobile Banking Customers | 21,613,912 | 3,352,868 | 240,342 | 25,207,122 |
| 8 | No. of Internet Banking Customers | 1,381,201 | 589,301 | 16,315 | 1,986,817 |
| 9 | No. of ATMs | 4,813 | 348 | 44 | 5,205 |
| 10 | No. of Debit Cards | 11,922,081 | 1,110,208 | 64,836 | 13,097,125 |
| 11 | No. of Credit Cards | 291,682 | 1,936 | - | 293,618 |
| 12 | No. of Prepaid Cards | 193,159 | 1,924 | - | 195,083 |

| | | |
|---|---|---|
| **E. Interest Rate(%)** | | |
| **1** | **Wt. Avg Interest Rate on Deposit** | **5.48** |
| | (a) Saving | 3.38 |
| | (b) Fixed | 7.71 |
| | (c) Call | 1.39 |
| **2** | **Wt. Avg Interest Rate on Credit** | **9.52** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Asar end of FY2080/81 (2023/24)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# स्ट्रेस टेस्टिङ र निरीक्षण प्रतिवेदन लेखनसम्बन्धी गोष्ठी सम्पन्न

वित्तीय संस्था सुपरिवेक्षण विभागले असोज १८ गते स्ट्रेस टेस्टिङ र निरीक्षण प्रतिवेदन लेखनसम्बन्धी कार्यशाला गोष्ठी आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनी, निर्देशकद्वय अनुज दाहाल र रञ्जना पौडेलसँगै अन्य कर्मचारीहरूको सहभागितामा उक्त गोष्ठी आयोजना गरिएको हो । सो अवसरमा उप-निर्देशक अमृतबहादुर बुढाथोकीले प्रतिवेदन लेखन र सहायक निर्देशक अपिल सुवेदीले स्ट्रेस टेस्टिङ विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।




कार्यक्रममा कार्यकारी निर्देशक पंगेनीले स्ट्रेस टेस्टिङ र रिभर्स स्ट्रेस टेस्टिङबारे सङ्क्षिप्त व्याख्या गर्दै वित्तीय स्थायित्वका सन्दर्भमा सम्भावित जोखिमको पूर्वानुमान गरी यसबाट सिर्जना हुने दवाबलाई कम गर्न सकिने धारणा राख्नुभयो । उक्त गोष्ठीबाट स्ट्रेस टेस्टिङ र निरीक्षण प्रतिवेदनको गुणस्तर तथा सुपरिवेक्षकीय क्षमता सुधारमा सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । निर्देशक अनुज दाहालले स्ट्रेस टेस्टिङको सान्दर्भिकताबारे धारणा राख्दै समापन मन्तव्य राख्नुभयो । सो अवसरमा उप-निर्देशक ऋषिराम बरालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक निरज अधिकारी र सहायक निर्देशक निर्जल घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विदेशी मुद्रा कारोबारको रिपोर्टिङ्का विषयमा अन्तरक्रिया

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले भदौ २७ गते काठमाडौंमा विदेशी मुद्रा कारोबारको रिपोर्टिङ र अन्य समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विदेशी मुद्रा कारोबारको लागि इजाजतपत्रप्राप्त संस्थाका सञ्चालक/कर्मचारीहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा उप-निर्देशक मनोज पोखरेल र सहायक निर्देशक रामकृष्ण राईले वार्ता प्रस्तुत गर्दै इजाजतपत्रप्राप्त संस्थाले बैंकलाई FXOL System मार्फत गर्नुपर्ने रिपोर्टिङका सैद्धान्तिक र व्यावहारिक पक्षबारे जानकारी दिनुभयो । कार्यक्रममा FXOL रिपोर्टिङ र अन्य समसामयिक विषयमा सहभागीले राखेका जिज्ञासाका सम्बन्धमा समेत छलफल भएको थियो ।

का.मु कार्यकारी निर्देशक गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निर्देशक (सू.प्र.) सहदेव चन्दले स्वागत मन्तव्य राख्नुभएको थियो भने सहायक निर्देशक सुप्रिमा पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■



# पोखरा, जनकपुर र सुर्खेतमा समसामयिक विषयमा अन्तरक्रिया




पोखरा कार्यालयले असोज १ गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। पोखरास्थित बैंक तथा वित्तीय संस्था र सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यालयका निर्देशक विना ढकाल पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा दसैं, तिहार र छठ पर्वको लागि सुकिलो नोट वितरणको तयारी र अन्य समसामयिक विषयमा छलफल भएको थियो। कार्यक्रममा सहभागीका तर्फबाट गण्डकी प्रदेशमा पछिल्लो समयमा देखिएका आर्थिक गतिविधि, कर्जाको माग, खराब कर्जालगायत बैंकिङ क्षेत्रका विभिन्न समस्याबारे धारणा राखिएका थियो।

कार्यक्रममा निर्देशक पौडेलले सहभागीले उठाइएका समसामयिक विषयका सन्दर्भमा आवश्यक समन्वय गरिने उल्लेख गर्दै सफा नोट नीतिको कार्यान्वयनका निम्ति बैंक तथा वित्तीय संस्थाको ध्यानाकर्षण गराउनुभयो।

सो अवसरमा कार्यालयका उप-निर्देशक सुदीप त्रिपाठीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक पूर्णबहादुर मौराती नेपालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, जनकपुर कार्यालयले असोज २ गते बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। कार्यालयका निर्देशक माधव दङ्गालको अध्यक्षतामा आयोजित कार्यक्रममा जनकपुरस्थित बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख र अन्य प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रममा सुकिलो नोट व्यवस्थापन, विशेष अध्ययन, सामाजिक उत्तरदायित्व कोषको व्यवस्थापन, कर्जा/निक्षेपको स्थिति, कर्जा असुलीलगायतका विषयमा छलफल भएको थियो। सो अवसरमा निर्देशक दंगालले सुकिलो नोट वितरणको औचित्य, विशेष अध्ययनमा आवश्यक पर्ने तथ्याङ्क, सामाजिक उत्तरदायित्व कोषलगायतका समसामयिक विषयमा धारणा राख्नुभयो।

सो अवसरमा जनकपुर कार्यलयका का.मु. उप-निर्देशक प्रियंका ठाकुरले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक शिवराम यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, सुर्खेत कार्यालयले असोज ८ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। वीरेन्द्रनगरस्थित वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीका प्रदेश प्रमुख, शाखा प्रमुख र प्रतिनिधिको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा दसैंका अवसरमा हुने सुकिलो नोट सटही, विदेशी मुद्राको सटही, विद्युतीय कारोबारमा हुने जोखिमलगायतका समसामयिक विषयमा सहभागीहरूबीच छलफल भएको थियो। सो अवसरमा कार्यालयका प्रमुख तथा उप-निर्देशक बाबुराम कोइरालाले छलफलमा उठेका जिज्ञासाको सम्बोधन गर्दै समसामयिक विषयमा धारणा राख्नुभयो। सहायक निर्देशक रमेश पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■





# सल्यानमा नोटको सुरक्षण विशेषता र सफा नोट नीतिसम्बन्धी गोष्ठी



नेपालगञ्ज कार्यालयले असोज ४ गते सल्यानको खलङ्गामा नोटको सुरक्षण, विशेषता, जाली नोट पहिचान र सफा नोट नीति सम्बन्धमा गोष्ठी आयोजना गऱ्यो ।

सल्यान खलङ्गास्थित बैंक तथा वित्तीय संस्था, बीमा कम्पनीका प्रतिनिधि, सञ्चारकर्मीसहित ५० जनाको सहभागितामा कार्यालयले उक्त गोष्ठी आयोजना गरेको हो । सो अवसरमा उप-निर्देशक रामकुमार कार्कीले 'नोटको सुरक्षण विशेषता, जाली नोट पहिचान तथा सफा नोट नीति' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले नेपाली नोटमा रहेका सुरक्षण विशेषता, सफा नोट नीति कार्यान्वयनमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन/परिपत्र र मुलुकी अपराध संहिता, २०७४ मा उल्लिखित मुद्रासम्बन्धी कसुरको बारेमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा निर्देशक देवेन्द्र गौतमले नोटको हिफाजत, यसबारे सर्वसाधारणलाई प्रशिक्षित गर्न र जाली नोट बजारमा आउन नदिन सजगता अपनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सो अवसरमा सहायक निर्देशक श्यामबहादुर बुढाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक रवि कनोजियाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सुर्खेतमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी



सुर्खेत कार्यालयले असोज १६ गते वीरेन्द्रनगरमा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो ।

तथ्याङ्क प्रदायक सरकारी निकाय, उद्योग/वाणिज्यसम्बद्ध सङ्घ/सङ्गठन, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त गोष्ठी आयोजना गरेको हो । कार्यक्रममा आर्थिक अनुसन्धान विभागका निर्देशक नारायणप्रसाद पोखरेलले विश्व अर्थतन्त्र, समष्टिगत आर्थिक परिसूचक, राष्ट्रिय कृषि स्थिति, उद्योग क्षेत्र, निक्षेप तथा कर्जाको स्थिति, अध्ययनको आवश्यकता तथा चुनौतीका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले आर्थिक गतिविधि अध्ययनको आवश्यकता, आर्थिक गतिविधि अध्ययनमा समावेश गरिएका क्षेत्र, तथ्याङ्क उपलब्ध गराउने सरोकारवाला निकाय, तथ्याङ्क सङ्कलनका ढाँचा, तथ्याङ्क सङ्कलनका समस्याबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सुर्खेत उद्योग वाणिज्य संघ, सुर्खेत चेम्बर अफ कमर्स, मदन भण्डारी राजमार्ग आयोजना, कृषि विकास निर्देशनालय, मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत बहुमुखी क्याम्पस, प्रदेश लेखा नियन्त्रक कार्यालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, डिभिजन वन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ, यातायात व्यवस्था कार्यालय, सीटीइभीटी, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, नेपाल पत्रकार महासङ्घ र अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित ४६ जनाको सहभागिता थियो ।

सो अवसरमा कार्यालयका सहायक पंखप्रसाद आचार्यले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रमेश पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



विभिन्न विभाग/कार्यालयले असोज महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा बैंकिङ विभागले असोज १८ गते 'इलेक्ट्रोनिक चेक क्लियरिङ र अन्तरबैंक भुक्तानी प्रणाली तथा नेपाल राष्ट्र बैंकको भूमिका' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा विभागका उप-निर्देशक सुबोधमान श्रेष्ठले इलेक्ट्रोनिक चेक क्लियरिङ र अन्तरबैंक भुक्तानी प्रणालीका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो।

यसै गरी, सुर्खेत कार्यालयले असोज १८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा कार्यालयका सहायक निर्देशक रमेश पंगेनीले 'Human Resource Management Practices in Nepalese Organizations' विषयमा वार्ता प्रस्तुत गर्दै नेपालका सरकारी, सरकारको स्वामित्व रहेका संस्था र नेपाल राष्ट्र बैंकमा मानव संसाधनको अवस्था, यस सन्दर्भमा भएका असल अभ्यास, सुधार गर्नुपर्ने क्षेत्र, मानव संसाधन व्यवस्थापनका विविध पक्षबारे चर्चा गर्नुभयो।

जनकपुर कार्यालयले असोज २१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका उप-निर्देशक सृजना बज्राचार्यले 'Risk Based Internal Audit (RBIA)' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको अवधारणा, महत्त्व र अन्य विविध विषयमा जानकारी दिनुभयो। ■



# बढुवा

आर्थिक अनुसन्धान विभागका उप-निर्देशक सुशील पौडेल निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा हुनुभएको छ। लोक सेवा आयोगद्वारा लिइएको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा र बैंकबाट लिइएको अन्तरवार्ताबाट उहाँको पदोन्नति भएको हो।

यसै गरी, आन्तरिक प्रतियोगिताबाटै सहायक निर्देशकहरू श्रीषा श्रेष्ठ, निमिषा कुँवर र अस्मिता खनाल उप-निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ।

यसै गरी, आन्तरिक प्रतियोगितात्मक परीक्षाअन्तर्गत शारदा लोहनी, नमबहादुर नेपाली, तारा पोखरेल शर्मा, सुवाश गुप्ता र उर्मिला सापकोटा सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनुभएको छ।

आन्तरिक प्रतियोगितात्मक परीक्षाबाटै विभिन्न विभाग/कार्यालयका नौ जना सहायकहरू प्रधान सहायक पदमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा विशाल अर्याल, अनिता बजगाईं, सहदेव भट्टराई, बिमुना न्यौपाने, संजित घिमिरे, अशोककुमार श्रेष्ठ, पेशल दाहाल, सुरजबहादुर जप्रेल र विक्रम आचार्य हुनुहुन्छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछ। ■

# केन्द्रद्वारा दुई वटा तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ असोज महिनामा दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले भदौ ६ देखि ११ गतेसम्म सिद्धार्थनगरमा 'Central Banking Training' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गर्‍यो। तालिममा विभिन्न विभाग/कार्यालयका ३३ जना कर्मचारीको सहभागिता थियो। १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा सहभागीलाई केन्द्रीय बैंकको आधारशीला, कानुनी संरचना, सञ्चार प्रविधि र साइबर सुरक्षा, विदेशी विनिमय व्यवस्थापन, भुक्तानी प्रणाली, वित्तीय समावेशीकरण, समष्टिगत आर्थिक विषयवस्तु, मौद्रिक नीति र मौद्रिक व्यवस्थापन, वित्तीय स्थायित्व र सुपरिवेक्षकीय संरचना, मानव संशाधन व्यवस्थापनलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले असोज ११ गते भक्तपुरको बोडेमा 'Monetary Management: Theories and Practices' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गर्‍यो। तालिममा छ वटा सत्रमा सञ्चालित उक्त तालिममा नेपालमा मौद्रिक नीति र तरलता व्यवस्थापनको संरचना, तरलता सूचकाङ्क, अनुगमन र प्रक्षेपण, खुला बजार सञ्चालन र स्थायी तलरता सुविधा, ब्याजदर करिडोर नीतिलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। तालिममा उपत्यकास्थित विभाग/कार्यालयका ३६ जना कर्मचारीको सहभागिता थियो। ■



## सहायक शर्माको निधन

जनकपुर कार्यालयमा कार्यरत सहायक उदयशङ्कर शर्माको २०८१ असोज ६ गते असामयिक निधन भएको छ। २०३५ साउन १३ गते जन्मनुभएका शर्मा २०५९/०३/०२ मा वीरगञ्ज कार्यालयबाट बैंक सेवा प्रवेश गर्नुभएको थियो। *नेपाल राष्ट्र बैंक समाचार* शर्माको निधनप्रति गहिरो दुःख प्रकट गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। ■

## अवकाश

भुक्तानी प्रणाली विभागका उप-निर्देशक रामकुमार केसीले २०८१ असोज १५ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। यसै गरी, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यालय सहयोगी द्वितीय दुर्गादिवी पाण्डेले असोज २६ देखि अवकाश पाउनुभएको छ। उहाँहरूले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल